# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम तयार गरिएको

## सूचनाको विवरण

## २०८१/८२ को तेस्रो त्रैमासिक

(माघ, फाल्गुन र चैत्र)

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाहपथ, काठमाडौं

## विषय—सूची


| सि.नं. | विवरण | पेज नम्बर |
|---|---|---|
| १ | मन्त्रालयको प्रकृति र स्वरुप | २-४ |
| २ | मन्त्रालयको काम, कर्तव्य र अधिकार | ४-६ |
| ३ | मन्त्रालयको कर्मचारी संख्या | ६ |
| ४ | कार्य विवरण तथा प्रदान गरिने सेवा | ७-१८ |
| ५ | मन्त्रालयवाट प्रदान गरिने प्रमुख सेवाहरु | १८-१९ |
| ६ | मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी | १९-२० |
| ७ | सेवा प्राप्त गर्न प्रकृया र दस्तुर | २१-२२ |
| ८ | निर्णय गर्ने प्रकृया र अधिकारी | २३ |
| ९ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | २३ |
| १० | सम्पादन गरेको कामको विवरण | २३ |
| ११ | सूचना अधिकारीको नाम र पद | २३ |
| १२ | ऐन, नियम तथा निर्देशिकाको सूची | २३-२५ |
| १३ | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण | २५ |
| १४ | मन्त्रालयको वेवसाइटको विवरण | २५ |
| १५ | मन्त्रालयले सन्चालन गरेका कार्यक्रम र सो को प्रगति प्रतिवेदन | २५ |
| १६ | मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण | २६ |
| १७ | अनुसूचिहरु<br>- सम्पादन गरेको कामको विवरण<br>- वजेट तथा कार्यक्रम<br>- खर्चको फाँटवारी | २६-.... |

## नेपाल सरकार
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

सूचनाको हक सम्बन्धि ऐन २०६४ दफा ५(३) र सूचनाको हक सम्बन्धि नियम ३ बमोजिम यस मन्त्रालयको आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक (माघ, फाल्गुन र चैत्र महिना) मा सम्पादन गरिएको विवरण प्रकाशन गरिएको छ ।

**१) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकोस्वरुप र प्रकृतिः**

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ। देश संघीय शासन प्रणालीमा गइसकेकोले संघीय संरचनाको वस्तुगत धरातलमा आधारित रही गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुर्याउनु राज्यको दायित्व हो। संविधानबमोजिम राज्यका संघ, प्रदेश र स्थानीय तहले सम्पादन गर्ने कार्यहरूको एकल तथा साझा अधिकार सूची, नेपाल सरकारका नीति तथा कार्यक्रमहरू, नेपालले विभिन्न समयमा गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप कार्य गर्दै आएको छ । संस्थागत रूपमा नेपालमा वि.स. १९९० देखि औपचारिक रुपमा स्वास्थ्य सेवा विभागको स्थापना भइ स्वास्थ्य क्षेत्रमानयाँ विषयहरुको प्रवेशलाई एकीकृत गरी संचालनका लागि वि.सं. २०११ सालमा स्वास्थ्य मन्त्रालयको स्थापना भए पश्चात विभिन्न संरचनागत सुधार गर्दैदेशभरी स्वास्थ्य सेवा प्रवाहलाइ निरन्तरता दिइरहेको छ।

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रुपमा अङ्गिकार गर्दै प्रत्येक नागरिकलाई राज्यबाट आधारभूतस्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको प्रत्याभूति गरेको छ। स्वास्थ्य सेवामा सबैको समान पहुँचकोव्यवस्था गर्ने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्यउपचारको सम्बन्धमा जानकारी पाउनेहकको व्यवस्था गरेको छ। साथै नागरीकलाइ स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गर्दै गुणस्तरीय तथा सर्वसुलभ

नेपाल ... स्वास्थ्य तथा जन... रामशाहपथ, काठमाडौं

स्वास्थ्य सेवामा समान पहुच बढाउँदै सबैको स्वस्थ जीवन प्रत्याभुत गरी दिगो बिकास सुनिश्चित गर्नु पर्ने दायित्व रहेको छ। यसैगरी तीनै तहले सम्पादन गर्ने कार्यहरुकोसूची, नेपाल सरकारकासान्दर्भिक बिद्यमान नीतिहरु, नेपालले विभिन्न समयमा गरेको अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्न विभिन्न ऐन तथा नीतिगत व्यवस्था र सो अनुरूप कार्यक्रमहरुलाई सञ्चालन गर्दै आएको छ। विशेषगरी राष्ट्रिय स्वास्थ्य नीति २०७६ अनुरूप देहायको सोच, नीति, उद्देश्यहरू तय गरी सो अनुरूप कार्य गर्ने लक्ष्य राखेको छ।

## १.२ भावी सोच

स्वस्थ तथा सुखी जीवन लक्षित सजग र सचेत नागरिक ।

## १.३ ध्येय

साधन स्रोतको अधिकतम एवं प्रभावकारी प्रयोग गरी सहकार्य र साझेदारीमार्फत नागरिकको स्वास्थ्यसम्बन्धी मौलिक अधिकार सुनिश्चित गर्ने ।

## १.४ लक्ष्य

संघीय संरचनामा सबै वर्गका नागरिकका लागि सबै सामाजिक न्याय र सुशासनमा आधारित स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोग सुनिश्चित गर्ने ।

## १.५ उद्देश्यहरू

१) संविधानप्रदत्त स्वास्थ्यसम्बन्धी हक सबै नागरिकले उपभोग गर्न पाउने अवसर सिर्जना गर्नु।

२) संघीय संरचनाअनुरूप सबै किसिमका स्वास्थ्य प्रणालीलाई विकास, विस्तार र सुधार गर्नु।

३) सबै तहका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै सहज पहुँच निश्चित गर्नु।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं

४) अति सीमान्तकृत वर्गलाई समेट्दै सामाजिक स्वास्थ्य सुरक्षा पद्धतिलाई सुदृढ गर्नु।

५) सरकारी, गैर-सरकारी तथा निजी क्षेत्रसँग बहुक्षेत्रीय साझेदारी, सहकार्य तथा सामुदायिक सहभागितालाई प्रबर्द्धन गर्नु।

६) नाफामूलक स्वास्थ्य क्षेत्रलाई सेवामूलक स्वास्थ्य सेवामा रूपान्तरण गर्दै जानु।

## २) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू निम्न बमोजिम रहेका छनः

१) स्वास्थ्य तथा पोषणसम्बन्धी नीति, कानून र मापदण्ड,

२) राष्ट्रिय स्तरमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र निवारणात्मक सम्बन्धी नीति, कानून र मापदण्ड,

३) स्वास्थ्य सम्बन्धी प्राज्ञिक, व्यवसायिक र पेसागत संघ, संस्थासम्वन्धी नीति, कानून र मापदण्ड,

४) राष्ट्रिय तथा केन्द्रीय अस्पताल, स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र नियमन,

५) नर्सिङहोम लगायतका स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

६) अस्पताल तथा स्वास्थ्य संस्थाको प्रत्यायन,

७) विशिष्ट सेवा प्रदायक अस्पतालसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

८) औषधि, स्वास्थ्य सामाग्री तथा स्वास्थ्य प्रविधिको उत्पादन र विकास, सञ्चय, विक्री वितरण, अन्तिम विसर्जन सम्बन्धी गुणस्तर मापदण्ड र नियमन,

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

९) आयुर्वेदिक यूनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवासम्बन्धी नीति, कानून र मापदण्ड,

१०) सर्ने र नसर्ने रोग रोकथाम तथा नियन्त्रणसम्बन्धी नीति तथा मापदण्ड,

११) अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन,

१२) स्वास्थ्य बीमा तथा सामाजिक स्वास्थ्य सुरक्षा,

१३) स्वास्थ्य तथा जनसंख्या क्षेत्रको मानवश्रोत विकास र व्यवस्थापन,

१४) स्वास्थ्य सेवा तथा वस्तुको शुल्कसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

१५) औषधि निगरानी र नियमन

१६) औषधि खरिद तथा आपूर्तिसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

१७) अति आवश्यक स्वास्थ्य सामाग्री (खोप र परिवार नियोजन साधन) आपूर्ति र व्यवस्थापन,

१८) स्वास्थ्य विज्ञानसम्बन्धी अध्ययन र अनुसन्धानसम्बन्धी मापदण्ड,

१९) जडीबुटी, जान्तव र खनिज (हर्वल, एनिमल र मिनरल) को औषधीय अनुसन्धान,

२०) स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन र स्वास्थ्य लेखा पद्धति,

२१) राष्ट्रिय एवं अन्तराष्ट्रिय चासोका जनस्वास्थ्य समस्याको निगरानी,

२२) आधारभूत स्वास्थ्य सेवा र क्षेत्रको मापदण्ड,

२३) विभिन्न तहमा आवश्यक पर्ने स्वास्थ्य सेवा राष्ट्रिय प्रोटोकल,

२४) राष्ट्रिय रिफरेन्स प्रयोगशाला र परीक्षण केन्द्रको स्थापना, सञ्चालन र नियमन,

२५) स्वास्थ्य पर्यटन प्रवर्द्धनसम्बन्धी समन्वय,

२६) जनस्वास्थ्य सम्बन्धी आपतकालीन अवस्था, स्वास्थ्य क्षेत्रमा विपद र महामारी व्यवस्थापन,

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

२७) आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामाग्रीको मौज्दात (बफरस्टक) व्यवस्थापन,

२८) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा रिफरल पद्धतिको विकास,

२९) जनसंख्या, बसाइसराइ, परिवार नियोजन, मातृशिशु कल्याण, प्रजनन स्वास्थ्यसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड,

३०) राष्ट्रियस्तरमा जनसंख्यासम्बन्धी अध्ययन, अनुसन्धान एवं प्रक्षेपण सूचना प्रणाली,

३१) बसाइसराइ सर्वेक्षण तथा स्थिति विश्लेषण,

३२) स्वास्थ्यजन्य सरसफाइ तथा स्वच्छतासम्बन्धी नीति र मापदण्ड,

३३) मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासंग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,

३४) मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,

३५) मन्त्रालयको विषयक्षेत्रसंग सम्बन्धित सेवा, समूह र उपसमूह सञ्चालन ।

**३) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

- स्थायी कर्मचारी दरबन्दी संख्याः१०६
- सेवा करारबाट काम गराउने कर्मचारी संख्याः ४०
- जम्मा कर्मचारी संख्या (सेवा करार समेत) : १४६

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, का...

४) कार्यविवरण तथा प्रदान गरिने सेवा

१. नीति, योजना, तथा अनुगमन महाशाखा

१.१. नीति तथा योजना शाखाः

- स्वास्थ्य सम्बन्धी संघीय, प्रादेशिक तथा स्थानीयतहका अल्पकालीन तथा दीर्घकालीन नीति, रणनीति, योजना, निर्देशिका, मार्गदर्शन, प्रोटोकल तर्जुमा गर्ने ।
- नीति कार्यान्वयन, नीतिको मूल्याङ्कन र नीति विश्लेषण गर्ने ।
- असङ्क्रमणीय रोग निदान तथा उपचारका लागि स्थापना भएका विभिन्न स्वास्थ्य संस्थाबीचसमन्वय कायम गरी उपयुक्त नीति तयार गर्ने ।
- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति तथा अनुगमन मूल्याङ्कन खाका तर्जुमा गर्ने ।
- आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनको मार्गनिर्देशन तयार गर्ने।
- स्वास्थ्य सुधार नीतिहरूको विकास गर्ने ।
- मन्त्रालय अन्तर्गतका प्रतिष्ठान, परिषद्, समिति परिचालन सम्बन्धमा आवश्यक नीति तथायोजना तर्जुमा गर्ने ।
- स्वास्थ्य क्षेत्र मानव संसाधन सम्बन्धी दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन नीति, योजना तथाकार्यक्रम तर्जुमागर्ने ।
- स्वास्थ्य सुधार नीतिहरूको विकास गर्ने ।
- मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरूको साधारण तथा विकास बजेट तर्जुमा गर्ने, गराउने।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको लागि आवश्यक पर्ने जग्गा, भवन, फर्निचर, मेशिनरीऔजार, उपकरण, सञ्चार साधन सवारी साधन लगायतका भौतिक साधनहरूको योजना तथाआपूर्ति व्यवस्थापन नीति तर्जुमा गर्ने ।
- जडिबूटी संरक्षण, सवंर्धन, प्रवधन र गुणस्तरीय आयुर्वेद औषधी उत्पादन र नियमनका लागिनीति तर्जुमा गर्ने ।

- आयुर्वेद विभाग र सो अन्तर्गत सञ्चालित कार्यक्रमहरू तर्जुमा गर्ने ।
- जनसङ्ख्या सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने ।
- बसाइँसराइ सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा गर्ने ।
- स्वास्थ्य क्षेत्र सुधारका लागि वैकल्पिक वित्तीय व्यवस्थापन गर्ने ।
- आर्थिक अध्ययन, अनुसन्धान, नीतिगत तथा कार्यगत अध्ययन गर्ने ।
- स्वास्थ्य कार्यक्रमहरूको आर्थिक मूल्याङ्कन, लागत प्रभावी (cost-effectiveness), लागत लाभविश्लेषण (CBA) र लागत उपयोगिता (CUA) विश्लेषण गर्ने ।
- स्वास्थ्य क्षेत्रमा प्राप्त हुने वैदेशिक सहायताको उपयोग क्षमताको अध्ययन गर्ने ।
- वैदेशिक सहायताबाट सञ्चालित तथा कार्यक्रमको विश्लेषण र स्वीकृत गर्ने ।
- हेल्थ फाइनान्सिङ तथा राष्ट्रिय स्वास्थ्य लेखा सम्बन्धी नीति रणनीति तयार गरि लागु गर्ने ।

**१.२. अनुगमन तथा मुल्यांकन शाखा**

- स्वास्थ्य कार्यक्रमहरु सञ्चालन पश्चात जनतामा परेको, प्रभाव मूल्याङ्कनको लेखाजोखा गर्ने ।
- मन्त्रालय र अन्तर्गत सरकारी, गैरसरकारी, अर्धसरकारी तथा समितिहरूबाट सञ्चालित कार्यक्रमहरूको अनुगमन सम्बन्धी कार्यहरू गर्ने ।
- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति तथा अनुगमन मूल्याङ्कन खाका तर्जुमा गर्ने र लागू गर्ने।
- कार्यक्रमहरूको तुलनात्मक विश्लेषण गरी मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिता ल्याउनका लागि आयोजनालाई पृष्ठपोषण दिने ।
- स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू तथा प्रगतिहरुको विश्लेषण गर्ने ।
- विभिन्न दातृ निकाय बीच कार्यक्रम योजना, बजेट तर्जुमा, समीक्षा र मूल्याङ्कन गर्ने कार्यमा समन्वय गर्ने ।

- स्वास्थ्य सूचकहरूको विकास र समीक्षामा सहयोग गर्ने ।
- आधारभुत स्वास्थ्य सेवाको बारेमा अध्ययन र अनुसन्धान गर्ने ।
- स्वास्थ्य सम्बन्धि आवश्यक अध्ययन, अनुसन्धान गर्ने ।
- नयाँ स्वास्थ्य कार्यक्रमहरूको पाइलट टेष्ट र कार्यगत अनुसन्धान गर्ने गराउने ।
- प्रदेशस्तरतहबाट सञ्चालित कार्यक्रमहरूको मासिक, चौमासिक र वार्षिक समीक्षा गर्न सहजिकरण गर्ने ।

**१.३. चिकित्सा सेवा, शिक्षा तथा अनुसन्धान शाखा**

- स्वास्थ्य विज्ञान प्रतिष्ठान, शिक्षण संस्था तथा अस्पताल लगायत प्राविधिक शिक्षालयहरुसंग समन्वय र सहकार्य गर्ने ।
- स्वास्थ्य क्षेत्र अन्तरगतका विभिन्न विधाहरुमाहुने अध्ययन र अनुसन्धानको लागि समन्वय गर्ने
- मेडिकोलिगल सम्बन्धि नीति, नियम, पूर्वाधार तथा कार्यक्रमहरु तयार गरि लागु गर्ने ।
- सरकारी अस्पताल, निजी स्वास्थ्य संस्था, मेडिकल कलेज, प्रयोगशाला सेवा, रेडियोलोजी र ईमेजिङ सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी नीतिगत विषयमा समन्वय गर्ने ।

**१.४. आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा**

- जडिबूटी संरक्षण, संवर्धन, प्रवर्धन र गुणस्तरीय आयुर्वेद औषधी उत्पादन र नियमनका लागिनीति तर्जुमाका लागि सम्बन्धित निकायहरुसंग समन्वय गर्ने ।
- विभाग र सो अन्तर्गत सञ्चालित कार्यक्रमहरूको योजना तर्जुमा समन्वय र सहयोग गर्ने ।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रवाह गर्ने संस्थाहरुको तथ्यांक अध्यावधिक गर्ने ।

स्वास्थ्य तथा ... नेपाल ...

२. गुणस्तर मापन तथा नियमन महाशाखाः

२.१. गुणस्तर, मापदण्ड तथा नियमन शाखा

- सरकारी अस्पताल, निजी नर्सिङ होम र अस्पताल लगायतका स्वास्थ्य संस्थाहरू, मेडिकल कलेज, वैकल्पिक चिकित्सा, आयुर्वेद, प्रयोगशाला, रेडीयोलोजी तथा ईमेजीङ सेवा लगायतका सेवाहरूको मापदण्ड निर्धारण तथा कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- स्वास्थ्य संस्थाहरूबाट प्रदत सेवाको गुणस्तर मापन र पृष्ठपोषण गर्ने ।
- स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाको प्रभावकारिता अध्ययन तथा मूल्याङ्कन गर्ने
- औषधि व्यवस्था सम्बन्धी नीति तथा गुणस्तर निर्धारण गर्ने ।
- सरकारी तथा निजी क्षेत्रबाट प्रवाहित स्वास्थ्य सम्बन्धी सेवाहरूको गुणस्तर निर्धारण, गुणस्तर नियमन ।
- मापन मापदण्ड निर्धारण गरी सो को कार्यान्वयन भए नभएको लेखाजोखा गर्ने
- स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका
- औषधि व्यवस्था विभाग र अन्तर्गतको नीतिगत विषय,आयुर्वेद औषधालय, चिकित्सा सम्वन्धी मापदण्ड तयार पार्ने
- स्वास्थ्य संस्थाहरूबाट प्रदत सेवाको गुणस्तर मापनगर्ने ।
- आयुर्वेद औषधालय, चिकित्सा सम्बन्धी मापदण्ड तयार गर्ने ।
- सरकारी तथा निजी संस्थाहरुबाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थावाट प्रदानगरिने सेवाको प्रभावकारीताको अनुगमन तथा निरिक्षण तथा आवश्यक मागदर्शन ।
- अस्पताल सेवा सञ्चालन सम्बन्धी मापदण्ड निर्धारण तथा कार्यान्वयनको व्यवस्था गर्ने ।
- मन्त्रालय र अन्तर्गतका अस्पताल लगायतका निकायमा प्रयोगमा आउने भौतिक सामाग्रीहरूको मापदण्ड निर्धारण तथा कार्यान्वयन मार्गदर्शन सम्बन्धि कार्य गर्ने ।

- मन्त्रालय र अन्तर्गत सरकारी, गैरसरकारी, अर्धसरकारी तथा समितिहरूबाट सञ्चालित कार्यक्रमहरूको सामयिक निरीक्षण गर्ने ।
- अस्पतालको मेशिनरी औजार तथा भौतिक व्यवस्था सम्बन्धमा आवश्यक मापदण्ड निर्धारणर नियमन गर्ने ।
- अन्तराष्ट्रिय स्वास्थ्य नियमन (International Health Regulation) सम्बन्धि कार्य गर्ने ।

### २.२. सूचना प्रविधि शाखा

- स्वास्थ्य क्षेत्रमा नँया एवम् प्रभावकारी सूचना प्रणाली प्रविधि अनुसन्धान गरि स्थापित गर्ने ।
- टेलि मेडिसिनलाई दुर्गम क्षेत्रहरुमा स्थापित र सुदृड गर्दै जाने ।
- ई हेल्थ, एम हेल्थ जस्ता प्रविधिहरु स्थापीत गर्ने ।
- स्वास्थ्य क्षेत्रमा विधुतिय सु-शासन पद्दती स्थापित गर्ने ।
- मन्त्रालय र अन्तर्गतका सम्पूर्ण संस्थाहरूको स्वामित्वमा रहेको भौतिक सम्पत्तिको एकीकृत केन्द्रीय अभिलेख तयार गर्ने ।

## ३. जनसंख्या व्यवस्थापन तथा सूचना महाशाखा

### ३.१. जनसंख्या व्यवस्थापन तथा सूचना शाखा

- जनसङ्ख्या तथा बसाईंसराइ सम्बन्धी नीति, ऐन, नियम, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने ।
- जनसङ्ख्या नीति, निर्माण, निर्देशिका तर्जुमा र समन्वय गर्ने ।
- जनसङ्ख्या विषयका अध्ययन तथा अनुसन्धान, सर्भेक्षण एवं विश्लेषण गर्ने ।
- जनसङ्ख्या सम्बन्धी अन्तर्राष्ट्रिय सभा सम्मेलनबाट पारित प्रस्ताव तथा कार्य योजनाहरू कार्यान्वयन र समन्वय गर्ने ।
- जनसङ्ख्या व्यवस्थापन सूचना प्रणाली विकास र समन्वय गर्ने ।
- बसाइँसराइ सम्बन्धी कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन गर्ने ।

नेपाल सरकार ... स्वास्थ्य तथा जनसंख्या ... रामशाहपथ, काठमाडौं

- प्रजनन, मृत्यु, विवाह र बसाईंसराइ आन्तरिक)/बाह्य जस्ता जनसङ्ख्याका विविध ( पक्षहरूमादीर्घकालीन, आवधिक वा वार्षिक कार्यक्रमहरू तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- जनसङ्ख्याको वृद्धिदर, प्रजनन, मृत्युदर आदि जनसाङख्यिक सूचनाहरू, पाठ्यपुस्तक तथा सूचना सामाग्रीहरूको व्यवस्थापन गरी नीति तथा कायक्रम निर्धारण गर्ने र आवश्यकता अनुसार अनुमान एवं प्रक्षेपण लगायतका अन्य विषयका कार्य गर्ने।

### ३.२. लैगिंक समता तथा सामाजिक समावेशिकरण शाखा

- स्वास्थ्य क्षेत्रका लागि बिभिन्न तहमा निमार्ण गरिने नीति तथा कार्यक्रमहरुलाई जेसी संवेदनशिल बनाउन आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।
- स्वास्थ्य क्षेत्रमा जेसीलाई संस्थागत गर्ने ।
- स्वास्थ्य क्षेत्रका वार्षिक कार्यक्रम तथा वजेटलाई जेसी उत्तरदायी वनाउन मन्त्रालय तथा विभागमाआवश्यक सहजीकरण / सहयोग गर्ने ।
- जेसी सम्वद्ध कार्यक्रमहरुको तर्जुमा तथा कार्यन्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नेलगायतका अन्य विषयका कार्य गर्ने

## ४. स्वास्थ्य समन्वय महाशाखा

### ४.१. प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा

- कार्य विस्तृतीकरण बमोजिम प्रदेश तथा स्थानीय तहमा स्वास्थ्यका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक समन्वय सहजिकरण तथा प्राावीधिक सहयोग उपलब्ध गराउने ।
- प्रदेश तथा स्थानीय तहको स्वास्थ्यको सम्पर्क इकाइको रुपमा कार्य गर्ने ।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

- वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई एवं खाद्द पदार्थ
- प्रदुषण तथा बिषादी नियन्त्रण एवं औद्योगिक, पेशागत तथा आप्रवासीको स्वास्थ्य
- सडक दुर्घटना
- विद्यालय स्वास्थ्य
- आपतकालीन अवस्थाको व्यवस्थापन तथा सञ्चालन
- सुक्ष्मजिव निरोधक प्रतिरोध रोकथाम
- श्रम तथा वैदेशिक रोजगारको लागि जानेहरुको स्वास्थ्य
- स्वास्थ्य पर्यटन आदि
- स्वास्थ्य सम्बन्धी कार्य गर्ने विभिन्न राष्ट्रियस्तरका गैर सरकारी संघ संस्थाहरु संग समन्वय कायम गर्ने ।

**४.३.विकास, सहायता समन्वय शाखा**

- अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।
- वैदेशिक श्रोतको प्रभावकारी परिचालन र उपयोग गर्ने ।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू परिचालन तथा समन्वय गर्ने ।
- वैदेशिक छात्रवृत्ति, तालिम, अध्ययन भ्रमणमा मनोनयन गर्ने ।
- नेपाल सरकार र विदेशी संस्थाबीच भएको सम्झौता बमोजिम कर, भंसार छुट लगायतका अन्य विषय कार्य गर्न ।

**४.४. सार्वजनिक सूचना समन्वय शाखा**

- सञ्चार व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- प्रदेश तथा स्थानीय तहबाट सुचनाहरु संकलन तथा व्यवस्थापन गर्ने ।

- मन्त्रालयका आधिकारिक धारणाहरुको सार्वजनिकीकरण सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालयका काम कारवाहीहरुको पारदर्शीता लगायत सम्बन्धित अन्य कार्यहरु गर्ने ।

५. प्रशासन महाशाखा

५.१. कर्मचारी प्रशासन शाखा

- आवश्यक जनशक्तिको दरवन्दी सिर्जना, नियुक्ति, सरुवा, पदस्थापना तथा बढुवा सम्वन्धि कार्यगर्ने
- मन्त्रालय अन्तर्गत कर्मचारीको श्रेणी र तहगत दरवन्दी विवरण तथा कर्मचारी अभिलेख राख्ने।
- मन्त्रालय अन्तर्गतका कर्मचारीहरूको कार्यविवरण, कार्यसम्पादन, तालिम, विदा तथा अवकाश तथा विभागीय कारवाही गर्ने ।
- मन्त्रालय र अन्तर्गतको सङ्गठनात्मक संरचना प्रशासन सुधारका कार्यहरू गर्ने ।
- कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी मूल्याङकनको अभिलेख तथा व्यवस्थापन गर्ने।
- स्वास्थ्य सेवाका विभिन्न पदको बढुवाको लागि सचिवालय सम्बन्धी कार्य गर्ने।
- स्तरवृद्धि सम्बन्धी कार्य गर्ने ।
- मानव संसाधन सूचना केन्द्रमा प्रविष्ट भएका पत्रको व्यक्तिगत फाइलमा अद्यावधिक गर्ने ।
- लामो अवधिका विदा तथा कारवाहीहरूको अभिलेख राख्ने ।
- अधिकृतस्तरका कर्मचारीहरूको व्यक्तिगत फाइल अद्यावधिक गर्ने ।
- मन्त्रालय अन्तर्गत सामान्य प्रशासन समूहका कर्मचारीहरूको सुपरीवेक्षण, अभिलेख, कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

५.२. आर्थिक प्रशासन शाखा

- आर्थिक योजना तथा सघीय आर्थिक प्रशासन नीति अनुसार कार्य गर्ने ।
- मन्त्रालय र अन्तर्गतको वित्तिय नीति तर्जुमा, बजेट, मन्त्रालयको केन्द्रीयस्तरको लेखा अन्तर्गत वार्षिक विनियोजन बाँडफाँड सम्बन्धी कार्यहरू गर्ने, गराउने ।

- मन्त्रालय र अन्तर्गतको लागि विनियोजित बजेटको निकासा, खर्च, लेखाङ्कन तथा प्रतिवेदन र लेखापरीक्षण सम्बन्धी कार्यहरू गर्ने, गराउने ।
- तर्जुमा, बजेट कार्यान्वयन, लेखापरीक्षण तथा बेरुजु फछ्र्योट, आर्थिक अनुशासन पालनासम्बन्धी कार्य गर्ने ।
- मन्त्रालयको आन्तरिक बजेट सञ्चालन गर्ने ।
- केन्द्रीय लेखा, लेखाप्रणाली तथा आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन गर्ने ।
- मन्त्रालय अन्तर्गतका छुटै ऐन र नियम अन्तर्गत स्थापना भएका प्रतिष्ठान, परिषद्, समितिहरूको आर्थिक प्रशासन नीति, निर्देशन, नियन्त्रण तथा समन्वय सम्बन्धी कार्यहरू गर्ने ।
- नेपाल सरकारको आर्थिक प्रशासन र वित्तीय व्यवस्थापन सम्बन्धी विषयका कार्य गर्ने ।
- मन्त्रालय अन्तर्गत लेखा समूहका कर्मचारीहरूको सुपरीवेक्षण, अभिलेख, कार्यसम्पादन मूल्याङ्कन गर्ने ।

**५.३. कानून शाखा**

- संघीयता कार्यान्वयको क्रममा स्वास्थसंग सम्बन्धित आवश्यक ऐन, नियमावलीहरु तर्जुमा एवम् परिमार्जन गर्ने।
- प्रदेश तथा स्थानीय तहमा आवश्यक ऐन, नियमावलीहरु तर्जुमा गर्न सहजिकरण गर्ने ।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको क्रियाकलाप सञ्चालनमा आवश्यक पर्ने ऐन नियम तथा विनियम तर्जुमा गर्ने, कार्यान्वयनको अनुगमन र कानूनी वाधा अड्चन फुकाउने सरसल्लाह दिने।
- मन्त्रालय र अन्तर्गतका निकायहरुलाई आवश्यक पर्ने कानूनी राय सुझाव दिने।
- मन्त्रालयसंग सम्बन्धित सरकारी मुद्दा मामिला सम्बन्धी प्रतिरक्षात्मक कार्य गर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ

## ५.४. आन्तरिक प्रशासन शाखा

- मन्त्रालयको आन्तरिक प्रशासन, कार्यालय व्यवस्थापन, सरसफाइ र आवश्यक भौतिक व्यवस्था गर्ने ।
- आन्तरिक कर्मचारी प्रशासन, आन्तरिक कार्य विभाजन, हाजिरी, विदा, रमाना, पालो पहरा, खटनपटनको व्यवस्थापन गर्ने ।
- कार्यालय भवन, परिसर, सवारी साधनहरूको मर्मतसंभार तथा व्यवस्थापन गर्ने ।
- मन्त्रालयको आन्तरिक जिन्सी सामानको आपूर्ति तथा व्यवस्था, जिम्मा तथा रेखदेख, संभार, संरक्षण, निरीक्षण तथा प्रतिवेदन सम्बन्धी कार्यहरू गर्ने ।
- सम्पती विवरण सम्बन्धी कार्य ।
- सुशासन सम्बन्धि कार्य।
- पुस्तकालय व्यवस्थापन तथा ई- लाईब्रेरी संचालन।

## ६. स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापन इकाई

- स्वास्थ्य आपतकालिन तथा विपदको अवस्थामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिवालयको रुपमा कार्य गर्ने ।
- गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय विपद व्यवस्थापन केन्द्र लगायत अन्य सम्बन्धित निकायहरुसंग स्वास्थ्य क्षेत्रको सम्पर्क विन्दुको रुपमा कार्य गर्ने ।
- स्वास्थ्य आपतकालिन तथा विपदको अवस्थामा आकष्मिक चिकित्सकीय टोली परिचालन तथा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासंग समन्वय गरि द्रुत प्रतिकार्य गर्ने ।
- प्रदेश तथा स्थानीय तहसंग स्वास्थ्य आपतकालिन तथा विपदको अवस्थामा केन्द्रिय सम्पर्क विन्दुको रुपमा कार्य गर्ने ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाह...

- आपतकालिन तथा विपदको अवस्थामा सहयोगि अन्तराष्ट्रिय निकाय, गैरसरकारीएवम् सरोकारवाला संघसंस्थाहरुसंग समन्वय गरि आवश्यक सहयोग परिचालन गर्ने ।
- आपतकालिन तथा विपदको अवस्थामा हब तथा स्याटेलाईट अस्पतालहरुबाट सेवा प्रवाह गर्न आवश्यक सहकार्य गर्न ।
- स्वास्थ्य आपतकालिन अवस्थाको सूचनाहरुलाई अभिलेखिकरण गर्ने ।
- मापदण्ड निर्धारण तथा क्षमता विकासका लागि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासंग सहकार्य गर्ने ।

**५) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्रदान गरिने प्रमुख सेवाहरु**

- औषधोपचार खर्च भुक्तानी
- जनगुनासो तथा उजुरी सुनुवाई
- निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण तथा संचालन स्वीकृति
- निजी स्वास्थ्य संस्थाको पूर्वाधार संचालन / स्वीकृति र नवीकरण
- विपन्न नगरिक उपचार राहत सम्वन्धी कार्य
- दन्व्दतथा जन आन्दोलन घाइते उपचार
- निजी स्वास्थ्य शिक्षण संस्थाको विधार्थिहरुलाई सरकारी अस्पतालमा प्रयोगात्मक अभ्यास सम्वन्धी कार्य
- स्वास्थ शिविर संचालन अनुमति सम्वन्धी कार्य
- विदेशमा उपचार गराउन No objection letter
- विदेशी चिकित्साहरुलाई नेपाल मेडिकल काउन्सिल अस्थायी दर्ता , नविकरण गर्न सिफारिस दिने सम्वन्धी कार्य

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

- कर्मचारीहरुको सरुवा
- बढुवा/ स्तरवृद्दि
- संगठन संरचना सर्वेक्षण
- विदेशी स्वयसेवक र विशेषज्ञहरुलाई कार्य सहित र भिसाको लागि सिफारिस गर्ने
- एम्बुलेन्स आयातमा छुटको सिफारिश
- विदेशमा अध्ययन गर्न जाने चिकित्सकहरुलाई आवश्यकता अनुसार Letter of Need उपलब्ध गराउने

**६) सेवा प्रदान गर्ने महाशाखा,शाखा र जिम्मेवार अधिकारी**

**६.१ नीति, योजना, तथा अनुगमन महाशाखा प्रमुखः** डा. कृष्ण प्रसाद पौडेल

६.१.१ नीति तथा योजना शाखा प्रमुखः शालिक राम दाहाल

६.१.२ अनुगमन तथा मुल्यांकन शाखा प्रमुखः डा. सुनिता लम्साल

६.१.३ चिकित्सा सेवा, शिक्षा तथा अनुसन्धान शाखा प्रमुख : डा. सुनिता लम्साल

६.१.४ आयूर्वेद तथा वैकल्पिक चिकित्सा शाखा प्रमुखः डा. पुष्पराज पौडेल

**६.२. गुणस्तर मापदण्ड तथा नियमन महाशाखा प्रमुखः** डा. सरोज शर्मा

६.२. गुणस्तर, मापदण्ड तथा नियमन शाखा प्रमुखः ईश्वरी प्रसाद ढकाल

६.२.२ सुचना प्रविधि शाखा प्रमुखः रमेश राज सुवेदी

**६.३. जनसंख्या व्यवस्थापन तथा सुचना महाशाखा प्रमुखः** ढुण्डीराज निरौला

६.३.१ जनसंख्या ब्यवस्थापन तथा सुचना शाखा प्रमुखः झविन्द्र पाण्डे

६.३.२ लैगिंक समता तथा सामाजिक समावेशिकरण शाखा प्रमुखः पर्व प्रसाद सापकोटा

**६.४. स्वास्थ्य समन्वय महाशाखा प्रमुखः** डा. भिम प्रसाद सापकोटा

६.४.१ प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा प्रमुखः हाल रिक्त रहेको ।

६.४.२ बहुक्षेत्रीय समन्वय शाखा प्रमुखः डा. समीर कुमार अधिकारी

६.४.३ विकास, सहायता समन्वय शाखा प्रमुखः डा. गुण निधि शर्मा

६.४.४ सार्वजनिक सूचना समन्वय शाखा प्रमुखः डा. भक्त वहादुर के. सी.

**६.५. प्रशासन महाशाखा प्रमुखः** ऋषिराज आचार्य

६.५.१ कर्मचारी प्रशासन शाखा प्रमुखः हरि पंगेनी

६.५.२ आर्थिक प्रशासन शाखा प्रमुखः गोपिचन्द्र भण्डारी

६.५.३ कानुन शाखा प्रमुखः गोपीकृष्ण रेग्मी

६.५.४ आन्तरिक प्रशासन शाखा प्रमुखः मित्र प्रसाद घिमिरे

**६.६ स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापन इकाई प्रमुखः** डा.प्रकाश बुढ़ाथोकी

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रवक्ता :डा.प्रकाश बुढ़ाथोकी

## ७. सेवा प्राप्त गर्न प्रकृया र दस्तुर

| प्रदान गरिने सेवाको विवरण | प्रक्रिया | दस्तुर |
|---|---|---|
| औषधोपचार खर्च भुक्तानी | मं. प. वाट निर्णय भई आएपछि अर्थ मन्त्रालयबाट म. ले. लि.का.वाट निकासा प्राप्त हुने | निःशुल्क |
| जनगुनासो तथा उजुरी सुनुवाई | प्रचलित ऐन नियम अनुसार | ऐन नियम वमोजिम |
| निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण तथा संचालन स्वीकृति | स्थलगत अनुगमन प्रतिवेदन | निःशुल्क |
| निजी स्वास्थ्य संस्थाको पूर्वाधार संचालन /स्वीकृति र नवीकरण | टिप्पणी उठान गरि पेश गर्ने, स्वीकृत भएपछि पत्र दिने, अभिलेख राख्ने | निःशुल्क |
| विपन्न नगरिक उपचार राहत सम्वन्धी कार्य | सम्वन्धित अस्पतालमा सिफारिश गर्ने | निःशुल्क |
| द्वन्द तथा जनआन्दोलन घाइते उपचार | सम्बन्धित अस्पतालमा सिफारिश गर्ने | निःशुल्क |
| निजी स्वास्थ्य शिक्षण संस्थाको विध्यार्थिहरुलाई सरकारी अस्पतालमा प्रयोगात्मक अभ्यास सम्वन्धी कार्य | छलफल वैठक तथा लिखित कारवाही | निःशुल्क |
| स्वास्थ शिविर संचालन अनुमति सम्वन्धी कार्य | आवश्यक कागजात प्राप्त भए पश्चात निर्णय गरि सम्वन्धित संस्थालाई अनुमति दिईने | निःशुल्क |
| विदेशी चिकित्साहरुलाई नेपाल मेडिकल काउन्सिल अस्थायी दर्ता , नविकरण गर्न सिफारिश दिने सम्वन्धी कार्य | आवश्यक कागजात प्राप्त भए पश्चात टिप्पणी उठान गरि स्वीकृति पश्चात नेपाल मेडिकल काउन्सिलमा सिफारिश दिने | निःशुल्क |
| विदेशमा उपचार गराउन No objection letter | शाखामा निवेदन | निःशुल्क |

| | | |
|---|---|---|
| कर्मचारीहरुको सरुवा | १. निजामती सेवाका कर्मचारीहरुको भाद्र महिना<br>२. स्वास्थ्य सेवाका कर्मचारीहरुको अन्तर विभाग सरुवा (आश्विन र फागुन महिना) | निःशुल्क |
| बढुवा-स्तरवृद्दि | स-प्रमाण निवेदन दिएकोमा छानविन गरि बढुवा सूची प्रकाशन | निःशुल्क |
| पूर्व विभागीय सहमति | प्रचलित ऐन/नियममा व्यवस्था भए अनुसारको प्रकृया पुरा गरि सम्वन्धित निकायवाट स्पष्ट राय सहितको टिप्पणी उठान भई तालुक कार्यालय हुँदै मन्त्रालयमा पेश हुने | निःशुल्क |
| संगठन संरचना सर्वेक्षण | जिल्ला परिषदको निर्णय सहित सम्बन्धित कार्यलयवाट अनुरोध भै आएमा | निःशुल्क |
| विदेशी स्वयसेवक र विशेषज्ञहरुलाई कार्य सहित र भिसाको लागि सिफारिश गर्ने | शाखामा निवेदन | निःशुल्क |
| एम्वुलेन्स आयातमा राजश्व छुटको सिफारिश | शाखामा निवेदन | निःशुल्क |
| विदेशमा अध्ययन गर्ने जाने चिकित्सकहरुलाई आवश्यकता अनुसार Letter of Need उपलब्ध गराउने | शाखामा निवेदन | निःशुल्क |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

८. निर्णय गर्ने प्रकृया र अधिकारी:

कामको स्वरुप र प्रकति अनुसार शाखा अधिकृत, शाखा प्रमुख, महाशाखा प्रमुख, अतिरिक्त सचिव, सचिव र माननीय मन्त्री।

९. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

सचिव

१०.सम्पादन गरेको कामको विवरण: यस सम्बन्धी विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।

११. सूचना अधिकारीको नाम र पद:

सूचना अधिकारी : डा. भक्त बहादुर के. सी., वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक

१२.ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- जनस्वास्थ्य ऐन,२०७५
- सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन,२०७५
- राष्ट्रिय स्वास्थ्य बीमा ऐन,२०७४
- मानव अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन,२०७२ (२०५५को संशोधन)
- सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन,२०६८
- सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली ,२०६८
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६
- पाटन स्वास्थ्य विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन,२०६४
- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन,२०६३
- शहिद गंगालाल राष्ट्रिय हृदयकेन्द्र ऐन,२०५७
- नेपाल फार्मेसी परिषद ऐन,२०५७
- नेपाल स्वास्थ्य व्यवसायी परिषद नियमावली, २०५६
- नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल सरकार, रामशाहपथ, काठमाडौं

- वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५४
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३
- नेपाल नर्सिङ परिषद ऐन, २०५२
- आमाको दुध लाई प्रतिस्थापन गर्ने वस्तु (विक्रि वितरण नियन्त्रण) नियमावली, २०५१
- स्वास्थ्य करकोष नियमावली,२०५१ (धुम्रपान तथा मदिरा दस्तुर)
- आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्रि वितरण नियन्त्रण) ,२०४९
- वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९
- नेपाल स्वस्थ्य अनुसन्धान परिषद ऐन,२०४७
- नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन, २०४७
- आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५
- औषधीस्तर नियामावली, २०४३
- औषधी उत्पादन संहिता, २०४१
- औषधी जाँचबुझ तथा निरीक्षण नियमावली, २०४०
- औषधी दर्ता नियमावली,२०३८
- औषधी परामर्श परिषद् औषधी सल्लाहकार समिति गठन नियमावली,२०३७
- औषधी ऐन,२०३५
- नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४
- बिफर नियन्त्रण नियमावली, २०२३
- बिफर नियन्त्रण ऐन,२०२०
- संक्रामक रोग ऐन,२०२०
- नेपाल मेडिकल काउन्सिल ऐन,२०२०
- खोप ऐन,२०२०

**नीति, निर्देशिका, कार्यक्रमहरू तथा कार्ययोजनाहरू:**

- राष्ट्रिय स्वास्थ्य नीति,२०७६
- आन्तरिक नियन्त्रण निर्देशिका२०७५ ,
- मेडिको लिगल सेवा निर्देशिका२०७५ ,

- स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति२०७५ ,
- एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका२०७३ ,
- विपन्न नागरिक उपचार कोष निर्देशिका२०७३ ,
- नागरिक राहत२०७३ ,क्षतिपूर्ति तथा आर्थिक सहायता सम्वन्धी कार्यविधि ,
- स्वास्थ्य संस्था स्थापना२०७३ ,
- अस्पताल फार्मेसी निर्देशिका , २०७२
- राष्ट्रिय रक्तसंचार नीति,२०७१
- राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०७१
- सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका,२०७१
- सूर्तिजन्य पदार्थको प्याकेटमा चित्र र सन्देश अंकित निर्देशिका ,२०७१
- विस्तारित अस्पताल सेवा सञ्चालन तथा ननप्राकिटस भत्ता कार्यसञ्चालन निर्देशिका,२०७१
- मुख स्वास्थ्य नीति,२०७०
- राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति, २०६९
- राष्ट्रिय स्वास्थ्य सञ्चार नीति,२०६९
- सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६०
- नसर्ने रोगहरू पहिचानका लागि एक महिने अभियान सञ्चालन निर्देशिका, २०८१
- विद्यालय स्वास्थ्य तथा नर्सिंग सेवा निर्देशिका, २०८१
- जलनको सघन उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि, २०८१
- National Guidance for Coordination among Humanitarian Health Partner

**१३. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

यस जानकारी अनुसूची मा रहेको छ ।

**१४.स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वेभसाइटको विवरणः**

यस स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वेवसाइट www.mohp.gov.np

**१५. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सन्चालन गरेका कार्यक्रम र सो को प्रगति प्रतिवेदनः**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ

अनुसुचिमा उपलब्ध छ ।

१६. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

- www.facebook.com/mohpnep
- www.twitter.com/mohpnep

१७. अनुसूचिहरु

नेपाल सरकार
स्वास्थ्य तथा जनसङख्या मन्त्रालय